मितिः २०८०।०५।२४ गते आइतवार जिल्ला सरकारी वकील कार्यालय, जुम्लाको आयोजनामा सरकारी वकील र अनुसन्धान अधिकृतबीच सरकारी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन बैठक बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

१. श्री रेणुका राई (सहायक जिल्ला न्यायाधिवक्ता)

२. श्री उमेश बहादुर चन्द (अनुसन्धान अधिकृत)

३. श्री गणेश बहादुर रावल (अनुसन्धान सहायक)

४. श्री राजु सार्की (अनुसन्धान सहायक)

५. श्री बिराज राना (प्रहरी जवान)

आमन्त्रित

श्री प्रजङ खत्री (ना.सु.)

श्री दिपा राना मगर (क.अ.)

श्री प्रमोद प्रसाद यादव (खरिदार)

<u>छलफलका विषयहरु</u>

१) परिचयात्मक सम्वन्धमा।

२) अनुसन्धानको क्रममा मुद्दाको सुक्ष्म एवं प्रभावकारि रुपमा अनुसन्धान गरी कानूनले तोकेको म्यादभित्र निर्णयार्थ राय सहित मिसिल पेश गर्ने सम्वन्धमा।

३) रित पूर्वक मुचुल्का तथा कागजातहरु खडा गर्ने सम्बन्धमा।

४) प्रभावकारि रुपमा समन्वय गर्ने सम्बन्धमा।

५) अधिकार प्रत्यायोजन भए बमोजिम गर्ने गराउने सम्वन्धमा।

६) विविध।

निर्णय नं.१: मा छलफल गर्दा यस कार्यालयका सरकारी वकील र जिल्ला प्रहरी कार्यालय जुम्लाको मुद्दा शाखाका कार्यरत अनुसन्धान अधिकृत, अनुसन्धान सहायक र कर्मचारीहरुविच एक आपसमा परिचयात्मक कार्यक्रम गर्ने निर्णय गरियो ।

निर्णय नं.२: मा छलफल गर्दा जिल्ला प्रहरी कार्यालय जुम्लामा सुरु मुद्दा दर्ता भए देखिनै सम्वन्धित मुद्धा हेर्ने अनुसन्धान अधिकारीले मुद्दाको सुक्ष्म एवं प्रभावकारि रुपमा अनुसन्धान गरी

PAGE NO.
DATE / /

कानूनले तोकेको म्यादभित्र मुद्दा तामेलीमा राखे, मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा निर्णयार्थ राय सहितको सक्कल-नक्कल मिसिल पेश निर्णय गरियो।

निर्णय नं.३: मा छलफल गर्दा जिल्ला प्रहरी कार्यालयमा दर्ता हुन आएका जटिल मुद्दाहरुमा जाहेरी दरखास्त परेदेखि नै सरकारी वकील र अनुसन्धान अधिकृत बीच निरन्तर छलफल गर्नुका साथै अनुसन्धानलाई प्रभावकारी बनाउन समन्वय गर्ने निर्णय गरियो।

निर्णय नं.४: मा छलफल गर्दा महान्यायाधिवक्ता कार्यालयको च.नं.३०९५ मिति २०८०।०३।२६ गतेको प्राप्त पत्रानुसार अधिकार प्रत्यायोजन सम्बन्धमा भएको निर्णय बमोजिम गर्ने गराउने निर्णय गरियो।

निर्णय नं.५: मा छलफल गर्दा आगामी बैठक कार्ययोजनाले तोकेको मितिमा गर्ने गरी आजको बैठक समापन गर्ने निर्णय गरियो ।